

N
W
E
S
यशोधरा गाउँपालिका
वडा नं ८
वडा नं ३
वडा नं २
वडा नं ५
वडा नं ७
वडा नं ४
वडा नं १
वडा नं ६
Legend
ward1
ward2
ward3
ward4
ward5
ward6
ward7
ward8
Miles
0
0.45
0.9
1.8
2.7
3.6

# परिचय

कपिलवस्तु जिल्लाको दक्षिण भारतीय सिमावर्ती क्षेत्रमा अवस्थित यशोधरा गाउँपालिकाका भगवान गौतम बुद्धको दुल्हीको नामबाट नामाकरण गरिएको हो । नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३।०९।२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३।१०।२२ को निर्णय अनुसार माननिय संघिय मामिला तथा स्थानीय विकास मन्त्रिको संयोजकत्वमा गठित समितिले मिति २०७३।११।२० मा पशे गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३।११।२२ मा साविक तितिर्खी, गौरी, बसन्तपुर, परसोहिया, बैदौली, रंगपुर, सोमडिह तथा सिहोखोर गा.वि.स समावेश गरि भएको हो । यस गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ । यस गाउँपालिकाको पूर्वमा मायादेवी गाउँपालिका, उत्तरमा कपिलवस्तु नगरपालिका, पश्चिममा महराजगंज नगरपालिका र दक्षिणमा मित्र राष्ट्र भारतको उत्तर प्रदेश राज्य पर्दछ ।

यो गाउँपालिका भौगोलिक हिसाबले २७ डिग्री ३१ मिनेट ० सेकेन्ड देखि २७ मिनेट ३० सेकेन्ड उत्तरी अक्षांश र ८२ डिग्री ५७ मिनेट ० सेकेन्ड देखि ८३ डिग्री ५ मिनेट ० सेकेन्ड पूर्वी देशान्तरमा अवस्थित ६५.५६ बर्ग किलो मिटर क्षेत्रफल रहेको छ । यशोधरा गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७६ अनुसार कुल जनसंख्या ४४८५६ छ भने २३४०७ पुरुष र २१४४९ महिला रहेको छन् ।


**तलिका : शैक्षिक जनशक्तिको विवरण :**

| वडा एव लिंग | आधारभूत तह (कक्षा १ देखी ८) | एमफिल र विद्यावारिधी (पिएचडि) | पढाई शुरु नगरेको (नाबालक) | पूर्व प्राथमिक (कक्षा १ भन्दाकम) | प्राविधिक एलएलसी | माध्यमिक तह (कक्षा ९ देखी १२) | लेखपढ गर्न नसक्ने (निरक्षर) | साधारण लेखपढ (साक्षर) | स्नातक तह | स्नातकोत्तर | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **२२७६** | | **७०४** | **८२३** | **२** | **३८९** | **३११** | **१५११** | **८७** | **४** | **६१०७** |
| पुरुष | १३४४ | | ३४५ | ३७० | | २५० | ८० | ७२९ | ७१ | ४ | ३१९३ |
| महिला | ९३२ | | ३५९ | ४५३ | २ | १३९ | २३१ | ७८२ | १६ | | २९१४ |
| **२** | **१८५०** | | **७६१** | **१२५** | **१** | **४००** | **८४३** | **१३६१** | **५२** | **८** | **५४०१** |
| पुरुष | १०६३ | | ३९१ | ६४ | | २९० | २३५ | ६८१ | ४१ | ८ | २७७३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | ७८७ | | ३७० | ६१ | १ | ११० | ६०८ | ६८० | ११ | | २६२८ |
| **३** | **१८००** | | **३८७** | **७३९** | **३** | **५०३** | **४८२** | **२५५** | **६६** | **१५** | **४२५०** |
| अन्य | १ | | १ | | | | | | | | २ |
| पुरुष | १००६ | | २११ | ३३१ | ३ | ३५२ | १६७ | १०१ | ५२ | १२ | २२३५ |
| महिला | ७९३ | | १७५ | ४०८ | | १५१ | ३१५ | १५४ | १४ | ३ | २०१३ |
| **४** | **२११३** | | **६४१** | **१४७** | | **५५६** | **१२९०** | **१३७** | **१२२** | **६** | **५०१२** |
| अन्य | १ | | १ | | | १ | २ | | १ | | ६ |
| पुरुष | १२६४ | | ३२९ | ७७ | | ३८१ | ३६८ | ८० | ८३ | ६ | २५८८ |
| महिला | ८४८ | | ३११ | ७० | | १७४ | ९२० | ५७ | ३८ | | २४१८ |
| **५** | **१७०१** | **२** | **९३६** | **२४८९** | **११३** | **३५४** | **२१०** | **४०** | **४७** | **५८** | **५९५०** |
| अन्य | १ | | | | | | | | | | १ |
| पुरुष | ८९६ | २ | ४९२ | ११५७ | ८३ | २३७ | ९४ | १८ | २८ | ४० | ३०४७ |
| महिला | ८०४ | | ४४४ | १३३२ | ३० | ११७ | ११६ | २२ | १९ | १८ | २९०२ |
| **६** | **२५६४** | **७** | **५१९** | **१४६** | | **४१४** | **१४७८** | **३२२** | **८** | | **५४५८** |
| अन्य | | | | | | | १ | १ | | | २ |
| पुरुष | १४९६ | ६ | २७५ | ७६ | | २६६ | ६३० | १३५ | ४ | | २८८८ |
| महिला | १०६८ | १ | २४४ | ७० | | १४८ | ८४७ | १८६ | ४ | | २५६८ |
| **७** | **२१४०** | **४** | **७४९** | **२७४** | | **५५५** | **१८६३** | **२५९** | **९८** | **३६** | **५९७८** |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अन्य | २ | | | | | | | | | | २ |
| पुरुष | ११५२ | ३ | ३७१ | १४५ | | ३२५ | ८४५ | १७२ | ५९ | २८ | ३१०० |
| महिला | ९८६ | १ | ३७८ | १२९ | | २३० | १०१८ | ८७ | ३९ | ८ | २८७६ |
| **८** | **२८४०** | | **७२९** | **३५२** | | **५५१** | **११०४** | **३६८** | **५२** | **१३** | **६००९** |
| अन्य | ४ | | | | | | | | | | ४ |
| पुरुष | १५८७ | | ३७७ | १७६ | | ३८१ | ४२९ | १९६ | ४४ | ९ | ३१९९ |
| महिला | १२४९ | | ३५२ | १७६ | | १७० | ६७५ | १७२ | ८ | ४ | २८०६ |
| **कुल जम्मा** | **१७२८४** | **१३** | **५४२६** | **५०९५** | **११९** | **३७२२** | **७५८१** | **४२५३** | **५३२** | **१४०** | **४४१६५** |

**स्रोत : घरधुरी सर्वेक्षण, २०७६**


शैक्षिक जनशक्तिको विवरण
3000
2500
2000
1500
1000
500
0
१
२
३
४
५
६
७
८
आधारभूत तह (कक्षा १ देखी ८)
एमफिल र विद्यावारिधी (पिएचडि)
पढाई शुरु नगरेको (नाबालक)
पूर्व प्राथमिक (कक्षा १ भन्दा कम)
प्राविधिक एलएलसी
माध्यमिक तह (कक्षा ९ देखी १२)
लेखपढ गर्न नसक्ने (निरक्षर)
साधारण लेखपढ (साक्षर)
स्नातक तह
स्नातकोत्तर

## ७.३ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण :

### (क) शैक्षिक पूर्वाधार तथा सेवा :

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहि प्रतिभाहरूको विकास हुन गई समाजग्र सामाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरिकाभूमिअनिवार्य रहन्छ । गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन तथापियोजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवं सेवा विस्तार गर्ने प्रयास हुदैं आएको छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिशूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसैअनुरूप यसगाउँपालिकामा आ.व. २०७६/०७७ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन् । गाउँपालिकामा पठनपाठनका लागि आधारभूत तह विद्यालय(कक्ष १ देखि ५ सम्म)मा सामुदायीक १८ वटा र निजी ५ वटा छन् भने आधारभूत तह (कक्षा १ देखि ८ सम्म) विद्यालयमा सामुदायीक ५ वटा रहेका छन् तथा माध्यमिक विद्यालय (कक्षा १ देखि १०) मा सामुदायिक २ वटा र संस्थागत वटा १ वटा रहेका छन । माध्यमिक विद्यालय (कक्षा १ देखि १२ सम्म)मा २ वटा सामुदायिक मात्र रहेका छन् । यसका साथ साथै १३ वटा धार्मिक विद्यालय (मदरसा)हरु संचालित रहेका छन् । जसको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३४ : गाउँपालिकामा रहेको शिक्षण संस्थाहरुको विवरण**

| संचालित कक्षा | सामुदायिक | धार्मिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १ देखि ५) | १८ | १३ | ५ | ३६ |
| आधारभूत तह (कक्षा ६ देखि ८) | ५ | ० | ० | ५ |
| माध्यमिक तह (कक्षा ९ देखि १०) | २ | ० | १ | ३ |
| माध्यमिक तह (कक्षा ११ देखि १२) | २ | ० | ० | २ |
| बालविकास केन्द्र | ४२ | ० | ० | ४२ |

## ७.४ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू :

- **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुन :** विद्यार्थीहरू प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने,विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी**:प्राथमिक तहको विद्यार्थीहरु**को** तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।
- **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु**: विपन्न, दलित, आदिवासी जनजातीकोभर्नादर न्यून हुनुगाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** गाउँपालिकाकोऔषत विद्यालय छाड्नेदरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो
- **विद्यालयहरू आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथाविद्यालय व्यवस्थापन समितिलेसमेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- **अभिभावकहरू चनाखो नहुनु** :बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूकोचासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिहरू**को** स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- **शिक्षक दरबन्दी कम हुनु** :दरबन्दीअनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागिकुनै शिक्षकको अनुपस्थिति हुँदाहरू कक्षाखाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा संञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकायएवंव्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- **राजनीतिकरण हुनु :** विभिन्नराजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फतशिक्षकहरूलाई आफ्नो पार्टीको स्वार्थ पुरा गर्न प्रयोग गरिरहेको देखिएको छ । पार्टीहरूको दबावका कारण गाउँपालिकाको कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- **शिक्षकहरूमा प्रतिबद्धताको कमी**:शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नुतथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्रायः पठन-**पा**ठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचनातथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिकपरिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थीहरूर शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन्।

## १. संक्षिप्त शैक्षिक झलक

१.१ सामुदायिक विद्यालयको विवरण

- बालविकास केन्द्र ४३
- माध्यमिक विद्यालय ४
- आधारभूत विद्यालय (६-८) ५
- आधारभूत विद्यालय (१-५) १८
- प्राविधिक धारका विद्यालय २
- सामुदायिक सिकाइ केन्द्र १

१.२ अनुमति प्राप्त धार्मिक विद्यालय

- आधारभूत तह संचालित मदरसा १३

१.३ संस्थागत विद्यालयको विवरण

- माध्यमिक विद्यालय १
- आधारमूत तह (१-५) ७

### १.३ तहगत विद्यार्थी विवरण

| पूर्व प्राथमिक तह | | | आधारभूत तह कक्षा (१-५) | | | आधारभूत तह कक्षा (६-८) | | | माध्यमिक तह (९-१०) | | | माध्यमिक तह (११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ५०९ | ५८५ | १०९४ | २१९५ | २०१० | ४२०५ | ७२८ | ५९३ | १३२१ | २५८ | २८७ | ५४५ | ६५ | ४५ | ११० |

स्रोत : IEMIS 2076

### १.४ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी विवरण

| पूर्व प्राथमिक तह | आधारभूत तह कक्षा (१-५) | | | आधारभूत तह कक्षा (६-८) | | | माध्यमिक तह (९-१०) | | | माध्यमिक तह (११-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालविकास सहजकर्ता | दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा |
| ४३ | ५८ | २७ | ८५ | ७ | ६ | १३ | ५ | ५ | १० | ० | ० | ० |

### १.५ प्राविधिक धारका विद्यालयमा रहेको शिक्षक अनुदान विवरण

| क स | विवरण | संख्या |
|---|---|---|
| १ | माध्यमिक तह प्रशिक्षक ९ र १० | २ |

| | | |
|---|---|---|
| २ | माध्यमिक तह सहायक प्रशिक्षक ९ र १० | २ |

**१.६ गाउँपालिकाबाट व्यवस्थापन गरिएका स्वयम सेवक शिक्षक विवरण**

| क स | आधारभूत तह (१-५) | आधारभूत तह (१-८) | माध्यमिक तह (९-१०) |
|---|---|---|---|
| १ | ४० | ३ | ३ |

**१.७ शिक्षक विद्यार्थी अनुपात**

| | |
|---|---|
| पूर्व प्राथमिक तह | १:२६ |
| आधारभूत तह (१-५) | १:५० |
| आधारभूत तह (६-८) | १:८१ |
| आधारभूत तह (९-१०) | १:५५ |
| आधारभूत तह (११-१२) | ०:११० |

## २. यशोधरा गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७६ अनुसार साक्षरताको अवस्था

यशोधरा गाउँपालिकाले गरेको घरधुरी सर्वेक्षण २०७६ अनुसार गाउँपालिकाको औषत साक्षरता ७०.५५ प्रतिशत रहेको देखिन्छ । जस मध्ये पुरुषको साक्षरता ७८.१६ प्रतिशत र महिलाको साक्षरता ६५.१५ प्रतिशत मात्र रहेको छ । वडागत लैंगिक साक्षरता निम्न अनुसारको तालिकामा प्रस्तुत गरिएको छ ।

| वडा नं | साक्षरताको स्थिति प्रतिसतमा | | |
|---|---|---|---|
| | पुरुष | महिला | औषत |
| १ | ८६.६७ | ७९.७६ | ८३.२२ |
| २ | ७७.४३ | ६२.८९ | ७०.१६ |
| ३ | ८३.१० | ७५.६६ | ७९.३८ |
| ४ | ७३.०१ | ६१.५६ | ६७.२९ |
| ५ | ८०.७६ | ८०.७० | ८०.७३ |
| ६ | ६८.६७ | ५७.५२ | ६३.१ |
| ७ | ६५.७७ | ५९.४७ | ६२.६२ |
| ८ | ७४.८१ | ६३.४० | ६९.११ |

**३. कक्षागत विद्यार्थी विवरण :**

| क स | कक्षा | सामुदायिक तथा धार्मिक विद्यालयको विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १ | प्रारम्भिक बाल कक्षा | ४४७ | ५०२ | ९४९ |
| २ | १ | ६६८ | ५९८ | १२६६ |
| ३ | २ | ५१५ | ५४१ | १०५६ |

| | | | | |
|---|---|---|---|---|
| ४ | ३ | ४८९ | ४४० | ९२९ |
| ५ | ४ | ३९८ | ३१२ | ७१० |
| ६ | ५ | ३५७ | ३१८ | ६७५ |
| ७ | ६ | २४५ | २४८ | ४९३ |
| ८ | ७ | २६१ | २१० | ४७१ |
| ९ | ८ | २०७ | २०९ | ४१६ |
| १० | ९ | १६३ | १९२ | ३५५ |
| ११ | १० | १२७ | १२४ | २५१ |
| १२ | ११ | ९३ | १०४ | १९७ |
| १३ | १२ | २४ | २८ | ५२ |
| जम्मा | | ३९९४ | ३८२६ | ७८२० |

४. विद्यालयगत शिक्षक दरवन्दी तलगत विद्यार्थी विवरण र शिक्षक विद्यार्थी अनुपात

**४.१ आधारभूत तह (१ देखि ५ सम्म)**

| क्र स | विद्यालयको नाम | प्राथमिक तहको शिक्षक दरवन्दी राहत समेत | आधारभूत तह कक्षा १ देखि ५ को विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री अनिरुद्ध पब्लिक माध्यमिक विद्यालय बैदौली | ७ | २७६ | १:४० |
| २ | श्री बासुदेव जनता माध्यमिक विद्यालय रंगपुर | ६ | २०६ | १:३५ |
| ३ | श्री कृष्णधार्मिक माध्यमिक विद्यालय बसन्तपुर | ७ | २९६ | १:४२ |
| ४ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय तितिर्खा | ५ | ३४० | १:६८ |
| ५ | श्री राष्ट्रिय आधारभूत विद्यालय सिहोखोर | ५ | २७८ | १:५६ |
| ६ | श्री शान्ति आधारभूत विद्यालय परसोहिया | ४ | २०९ | १:५२ |
| ७ | श्री जग्गननाथ आधारभूत विद्यालय कोपवा | ७ | २२० | १:३२ |
| ८ | श्री राघवेन्द्र आधारभूत विद्यालय भडेहर | ६ | ९४ | १:१५ |
| ९ | श्री राष्ट्रिय जनजागृति आधारभूत विद्यालय रमवापुर | ५ | १०४ | १:२१ |
| १० | श्री सिद्धार्थ आधारभूत विद्यालय इटवा | ५ | २४४ | १:४९ |
| ११ | श्री प्राथमिक विद्यालय पुर्निहवा | ४ | २०१ | १:५० |
| १२ | श्री सिताराम आधारभूत विद्यालय बुढापार | ३ | १०२ | १:३४ |
| १३ | श्री रघुनाथ आधारभूत विद्यालय रजवापुर | २ | १०४ | १:५२ |
| १४ | श्री जनता आधारभूत विद्यालय मुडिला | २ | १५० | १:७५ |
| १५ | श्री किसान आधारभूत विद्यालय लोहरौली | २ | १४६ | १:७३ |

| | | | | |
|---|---|---|---|---|
| १६ | श्री दारुल सिद्धिकिया आधारभूत विद्यालय मटेरिया | २ | १२३ | १:६२ |
| १७ | श्री जनसेवा आधारभूत विद्यालय अम्लोनहा | १ | १३३ | १:१३३ |
| १८ | श्री ज्योति आधारभूत विद्यालय बासखोर | २ | १११ | १:५६ |
| १९ | श्री लोकतान्त्रिक आधारभूत विद्यालय भडेहर | १ | ११३ | १:११३ |
| २० | श्री सरस्वती आधारभूत विद्यालय खोरिया | २ | १८६ | १:९३ |
| २१ | श्री बच्चालाल आधारभूत विद्यालय मर्यादपुर | ० | १२९ | दरवन्दी नभएको |
| २२ | श्री पशुपति शिक्षा मन्दिर आ वि सुठौली | ० | २८६ | दरवन्दी नभएको |
| २३ | श्री गौतम बुद्ध आधारभूत विद्यालय सुल्तनवापुर | ० | १६८ | दरवन्दी नभएको |
| २४ | श्री गौसिया मिस वाहूल ओलूम आ वि रंगपुर | ० | २०७ | दरवन्दी नभएको |
| २५ | श्री अरविया अहिले सुन्नत चित्सिया आ वि सुल्तवापुर | ० | ३८ | दरवन्दी नभएको |
| २६ | श्री हिरा पिंगल आधारभूत विद्यालय भावपुर | ० | १५६ | दरवन्दी नभएको |
| २७ | श्री जनप्रिय आधारभूत विद्यालय तितिर्खी | ० | ७० | दरवन्दी नभएको |

उपरोक्त तालिक विश्लेषण गर्दा २७ वटा आधारभूत विद्यालय ( कक्षा १ देखि ५) संचालित विद्यालय मध्ये ७ वटा विद्यालयमा कुनै पनि दरवन्दी तथा राहत नरहेको ।

**४.२ आधारभूत तह कक्षा (६ देखि ८) सम्म**

| क्र स | विद्यालयको नाम | प्राथमिक तहको शिक्षक दरवन्दी राहत समेत | आधारभूत तह कक्षा ६ देखि ८ को विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री अनिरुद्ध पब्लिक माध्यमिक विद्यालय बैदौली | ४ | २८६ | १:७१ |
| २ | श्री बासुदेव जनता माध्यमिक विद्यालय रंगपुर | ४ | २९१ | १:७३ |
| ३ | श्री कृष्णधार्मिक माध्यमिक विद्यालय बसन्तपुर | २ | १२३ | १:६२ |
| ४ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय तितिर्खा | ० | २०० | दरवन्दी नभएको |
| ५ | श्री राष्ट्रिय आधारभूत विद्यालय सिहोखोर | १ | १०० | १:१०० |
| ६ | श्री शान्ति आधारभूत विद्यालय परसोहिया | ० | २३ | दरवन्दी नभएको |

| | | | | |
|---|---|---|---|---|
| ७ | श्री जग्गननाथ आधारभूत विद्यालय कोपवा | ० | १६४ | दरवन्दी नभएको |
| ८ | श्री राघवेन्द्र आधारभूत विद्यालय भडेहर | ० | ६६ | दरवन्दी नभएको |
| ९ | श्री पशुपति शिक्षा मन्दिर आ वि सुठौली | ० | ५९ | दरवन्दी नभएको |

माथी उल्लेखित तालिकाबाट विश्लेषण गर्दा यस गाउँपालिका अन्तरगत ९ वटा समुदायिक विद्यालयहरुमा आधारभूत तह (कक्षा ६ देखि ८ सम्म) संचालन हुदाँ ४ वटा विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा हेर्दा न्यून शिक्षक दरवन्दी रहेको देखिन्छ भने ५ वटा विद्यालयमा कुनै पनि प्रकारका दरवन्दी नभएको अवस्था छ । यस अवस्थामा गुणस्तरीय शिक्षाको अभाव भएको महसुस भएको छ ।

४.३ **माध्यमिक तह:**

| क्र स | विद्यालयको नाम | प्राथमिक तहको शिक्षक दरवन्दी राहत समेत | माध्मिक तह कक्षा ९ देखि १२ को विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री अनिरुद्ध पब्लिक माध्यमिक विद्यालय बैदौली | ५ | ५०० | १:१०० | कक्षा ११ र १२ समेत |
| २ | श्री बासुदेव जनता माध्यमिक विद्यालय रंगपुर | ३ | १८६ | १:६२ | कक्षा ११ र १२ समेत |
| ३ | श्री कृष्णधार्मिक माध्यमिक विद्यालय बसन्तपुर | २ | ४० | १:२० | कक्षा ९ र १० का विद्यार्थी संख्या |
| ४ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय तितिर्खा | ० | ६९ | दरवन्दी नभएको | कक्षा ९ र १० का विद्यार्थी संख्या |

माथी उल्लेखित तालिकाको विश्लेषण गर्दा यस गाउँपालिका अन्तरगत ४ वटा समुदायिक विद्यालयहरुमा माध्यमिक तह (कक्षा ९ र १०) सम्म संचालन रहेको छ भने २ विद्यालयहरुमा माध्यमिक तह (कक्षा ११ र १२) सम्म संचालन रहेको छ । त्यस विद्यालयहरु मध्ये श्री अनिरुद्ध पब्लिक माध्यमिक विद्यालयमा ४ वटा माध्यमिक तह(कक्षा ९ र १०) दरवन्दी रहेको र १ वटा प्राविधिक धार तर्फ प्रशिक्षक रहेको छ त्यसै गरी श्री बासुदेव जनता माध्यमिक विद्यालय रंगपुरमा माध्यमिक तह (कक्षा ९ र १०) ३ वटा राहत रहेको छ भने श्री कृष्ण धार्मिक विद्यालय बसन्तपुरमा माध्यमिक तह (कक्षा ९ र १०) २ वटा केन्द्रिय अनुदान कोटा रहको छ तथा श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय तितिर्खामा कुनै पनि दरवन्दी वा राहत नरहेको गाउँपालिकाबाट २ वटा माध्यमिक तहका अनुदान कोटाबाट विद्यालय संचालन हुदैं आएको छ । यसरी हेर्दा विद्यार्थी र शिक्षकको अनुपात हर्दा शिक्षकको संख्या दैनिय रहेको छ ।

५. विद्यालयको शिक्षक दरवन्दी विवरण :यस यशोधरा गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका समुदायिक विद्यालयहरुको तहगत र प्रकारगत दरवन्दी विवरण, २०७७

| क स | विद्यालयको नाम | वडा नं | संचालित कक्षा | प्रा शि दरवन्दी | | | नि मा शि दरवन्दी | | | मा शि दरवन्दी | | | प्राविधिक धार तर्फ | | गाउँपालिका अनुदान कोटा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दरवन्दी | राहत | जम्मा दरवन्दी | दरवन्दी | राहत | जम्मा दरवन्दी | दरवन्दी | राहत | जम्मा दरवन्दी | प्रशिक्षक | सहायक प्रशिक्षक | प्रा वि | नि मा वि | मा वि |
| १ | श्री नेपाल राष्ट्रिय मा वि तितिर्खा | १ | १० | ४ | १ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | १ | २ |
| २ | श्री रघुनाथ आ वि रजवापुर | १ | ३ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० |
| ३ | श्री जनप्रिय आ वि तितिर्खी | १ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० |
| ४ | श्री रावेन्द्र आ वि पश्चिम भडेहर | २ | ८ | ५ | १ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० |
| ५ | श्री लोकतान्त्रिक आ वि बिचली भडेहर | २ | ४ | ० | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० |
| ६ | श्री हिरापिंगल आ वि भावपुर | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० |
| ७ | श्री कृष्ण धार्मिक मा वि बसन्तपुर | ३ | १० | ४ | ३ | ७ | ० | २ | २ | ० | २ | २ | ० | ० | ० | ० | ० |
| ८ | श्री किसान आ वि लोहरौली | ३ | ५ | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० |
| ९ | श्री जनसेवा आ वि अम्लोनहा | ४ | ५ | १ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० |
| १० | श्री शान्ति आ वि परसोहिया | ४ | ७ | ४ | ० | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० |
| ११ | श्री अनिरुद्ध पब्लिक मा वि बैदौली | ५ | १२ | ६ | १ | ७ | ३ | ० | ३ | ४ | ० | ४ | १ | १ | १ | ० | ० |
| १२ | श्री पशुपति शिक्षा मन्दिर आ वि सुठौली | ५ | ८ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० |
| १३ | श्री जनता आ वि मुडिला | ५ | ५ | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० |
| १४ | श्री सिताराम आ वि मुडिला | ५ | ५ | १ | २ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | श्री बासुदेव जनता मा वि रंगपुर | ६ | १२ | ५ | १ | ६ | ४ | ० | ४ | ० | ३ | ३ | ० | ० | ० | ० | १ |
| १६ | श्री पुर्निहवा आ वि पुर्निहवा | ६ | ६ | ३ | १ | ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० |
| १७ | श्री गौसिया मिसवाहुल प्रा वि रंगपुर | ६ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० |
| १८ | श्री जनजागृति आ वि रमवापुर | ६ | ५ | ३ | २ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १९ | श्री जग्गनाथ आ वि कोपवा | ७ | ८ | ५ | २ | ७ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | १ | ० |
| २० | श्री सिद्धार्थ आ वि इटवा | ७ | ५ | २ | ३ | ५ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० |
| २१ | श्री बच्चा लाल आ वि मर्यादपुर | ७ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ० |
| २२ | श्री गौतम बुद्ध आ वि सुल्तनवापुर | ७ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | ० |
| २३ | श्री अरविया अहिले सुन्नत चित्सिया प्रा वि सुल्तनवापुर | ७ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० |

| | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | श्री राष्ट्रिय आ वि सिहोखोर | ८ | ८ | ४ | १ | ५ | ० | १ | १ | ० | ० | ० | ० | ० | १ | ० | ० |
| २५ | श्री सरस्वती  आ वि खोरिया | ८ | ५ | २ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | ० |
| २६ | श्री दरुल उलूम सिद्धिकिया आ वि मटेरिया | ८ | ५ | १ | १ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २७ | श्री ज्योति प्रा वि बासखोर | ८ | ३ | ० | २ | २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | | | **५३** | **२५** | **७८** | **७** | **३** | **१०** | **४** | **५** | **९** | **१** | **१** | **३२** | **४** | **३** |

माथि उल्लेखित तालिकलाइ हेर्दा यस गाउँपालिका अन्तरगत जम्मा २७ वटा समुदायिक विद्यालयहरु संचालनमा रहेको जस मध्ये २ वटा समुदायिक विद्यालयहरुमा माध्यमिक तह (कक्षा ९ र १०) संचालन रहेको र सो विद्यालयहरुमा आधारभूत तह (६ देखि ८) र माध्यमिक तह (९ र १०) कक्षा संचालनका लागि सम्बन्धित तहमा कुनै पनि दरवन्दी वा राहत नरहेको गाउँपालिकाबाट प्राप्त अनुदानको भरमा संचालन रहेको त्यसै गरी २ वटा समुदायिक विद्यालयहरु माध्यमिक तह (९ देखि १२) सम्म कक्षा संचालनमा रहेको र सो विद्यालयहरुमा सम्बन्धित तहका कुनै पनि दरवन्दी वा राहत कोटा नहरेकोले कक्षा संचालन एवं शैक्षिक गुणस्तर कायम गर्न एक दमै कठिनाइ भएको देखिन्छ । समग्रमा हेर्दा गाउँपालिका भित्र संचालनमा रहेका समुदायिक विद्यालयहरुको विद्यार्थी संख्या एवं शिक्षकको दरवन्दी हेर्दा शिक्षक तथा विद्यार्थी अनुपात न्यून देखिन्छ ।

## ८. आर्थिक बर्ष ०७७।०७८ मा गाउँपालिकाबाट शिक्षा, यूवा तथा खेलकुदमा निर्धारित गरेको नीति तथा कार्यक्रम :

| सि.नं. | कार्यक्रम / आयोजनाको नाम | कार्यन्वयन हुने स्थान | विनियोजित बजेट | स्रोत |
|---|---|---|---|---|
| | चालु तर्फ | | १४२३००००.०० | |
| १ | शिक्षक दरवन्दी कम भएका सामुदायिक विद्यालयहरुका लागि प्रा.वि. तह, नि.मा.वि. तह एव मा.वि.तहमा शिक्षण सहयोग अनुदान | यशोधरा गा.पा. | ५८०००००.०० | |
| २ | बालविका स.क., विद्यालय कर्मचारी एव विद्यालय सहयोगीलाइ प्रोत्साहन | यशोधरा गा.पा. | १२०००००.०० | |
| ३ | शिक्षक दरवन्दी कम भएका सामुदायिक विद्यालयहरुका लागि शिक्षण सहयोगमा कार्यरत शिक्षकका लागि पोषाक | यशोधरा गा.पा. | १०००००.०० | |
| ४ | विद्यार्थी भर्ना अभियान | यशोधरा गा.पा. | ५००००.०० | |
| ५ | बार्षिक परीषा संचालन तथा व्यवस्थापन | यशोधरा गा.पा. | १०००००.०० | |
| ६ | सक्षार कार्यक्रम संचालन, व्यवस्थापन एव घोषणा | यशोधरा गा.पा. | ४००००००.०० | |
| ८ | गाउँपालिका अनुदानमा कार्यरत शिक्षकहरुको क्षमता विकास तालिम | यशोधरा गा.पा. | २५००००.०० | |
| ९ | बालविकास सहजकर्ताहरुको क्षमता विकास तालिम | यशोधरा गा.पा. | १५००००.०० | |
| १० | गरिब, जेहेन्दार, दलित एव परीक्षामा उत्कृष्ट नम्बरलाइ उर्त्तिण भएका विद्यार्थीको लागि छात्रवृत्ति कार्यक्रम | यशोधरा गा.पा. | ४५००००.०० | |
| ११ | सामुदायिक विद्यालयमा अध्ययनरत गरिब जेहेन्दार एव दलित छात्राहरुको लागि साइकल वितरण | यशोधरा गा.पा. | ४५००००.०० | |
| १२ | दुर शिक्षा, अनलाइन शिक्षा एव अनौपचारिक शिक्षा व्यवस्थापन एव संचालन | यशोधरा गा.पा. | १५००००.०० | |
| १३ | विषयगत समिति गठन, संचालन एव व्यवस्थापन | यशोधरा गा.पा. | २००००.०० | |
| १४ | विद्यालयका प्र.अ., स.क., विद्यालय कर्मचारी बैठक एवं अन्य शैक्षिक सरोकारवालाको बठैक खाजा खर्च | यशोधरा गा.पा. | १०००००.०० | |
| १५ | शैक्षिक भ्रमण कार्यक्रम | यशोधरा गा.पा. | ३०००००.०० | |

| | | | | |
|---|---|---|---|---|
| १६ | शैक्षिक सस्थाहरुमा अनुगमन सुपरवेक्षण | यशोधरा गा.पा. | १००००००.०० | |
| १७ | गाउँपालिका स्तरीय अतिरिक्त शैक्षिक कियाकलाप | यशोधरा गा.पा. | ३०००००.०० | |
| १८ | विद्यालयहरुमा ICT व्यवस्थापन | यशोधरा गा.पा. | ३०००००.०० | |
| १९ | शैक्षिक Calendar निर्माण | यशोधरा गा.पा. | ५००००.०० | |
| २० | अति विप्पन बालबालिकालाई शैक्षिक सामग्री वितरण | यशोधरा गा.पा. | २५००००.०० | |
| २१ | सामुदायिक विद्यालयका प्र.अ. हरुलाई झोला, डयरी एव कलम | यशोधरा गा.पा. | ६००००.०० | |
| २५ | शिक्षा शाखा व्यवस्थापन | यशोधरा गा.पा. | ५००००.०० | |
| **पुजिगत खर्च** | | | **७७०००००.००** | |
| २६ | सामुदायिक विद्यालयहरुमा फर्निचर व्यवस्थापन | यशोधरा गा.पा. | ५०००००.०० | |
| २८ | मा.वि. विद्यालयहरुमा राष्ट्रिय कलरको रंगरोगन | यशोधरा गा.पा. | २७००००.०० | |
| शिक्षामा कुल विनियोजित रकम | | | **१५००००००.००** | |

## ८.१: यूवा तथा खेलकुद तर्फ :

| **यूवा खेलकूद तर्फ** | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **कार्यकम / आयोजनाको नाम** | **कार्यन्वयन हुने स्थान** | **विनियोजित बजेट** | **स्रोत** |
| १ | गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम | यशोधरा गा.पा. | ६०००००.०० | |
| २ | खेलकुद समाग्री वितरण कार्यक्रम | यशोधरा गा.पा. | २०००००.०० | |
| जम्मा | | | ८०००००.०० | |

## ९. बजेट तथा कार्यक्रम कार्यान्वयन प्रकृया :

९.१: प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान :

९.१.१ : प्रारम्भिक बाल विकास/ पूर्व प्राथमिक कक्षाका सहजकर्ताहरुको पारश्रमिक :

यशोधरा गाउँपालिका अन्तगत विद्यालय तथा समुदायमा संचालनमा रहेका प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताको पारिश्रमिक प्रति महिना रु ६०००। का दरले चाडपर्व खर्चसहित १३ महिनाको हुन आउने रकम विद्यालयको खातामा अनुदान निकासा गरिएको छ । साथै प्रति महिना गाउँपालिकाको तर्फबाट रु १५००। प्रोत्साहन रकम १२ महिनाको हुन आउने रकम समेत विद्यालयको खातामा निकासा गरिएको छ । सम्बन्धित विद्यालय तथा बालविकास केन्द्रले शैक्षिक तथ्यांक ।EMIS भर्दा प्रारम्भिक बाल विकासको तथ्यांक अनिवार्य रुपमा भर्नु पर्नेछ ।

९.१.२ : विद्यालय कर्मचारी व्यवस्थापन अनुदान :

आधारभूत तथा माध्यमिक तह संचालन भएका विद्यालयहरुमा विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारी व्यवस्थापनका लागि देहाय अनुसारको रकम पारिश्रमिकको रुपमा अनुदान निकासा गरिएको छ । विद्यालयले कर्मचारीहरुको लागि देहाय बमोजिम भुक्तानी दिनु पर्नेछ । विद्यालयले विद्यालय कर्मचारीको नियुक्ती कार्यविधी बनाइ गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखाबाट अनुमोदन गराइ राख्ने र सोही आधारमा खाली भएमा पदपुर्ती गर्नु पर्नेछ ।

### आधारभूत विद्यालय तर्फ :

क) कक्षा १ देखि २ सम्म चलेका विद्यालयलाइ १ जना विद्यालय सहयोगीका लागि बार्षिक एकमुष्ठ रु २६०००। पारिश्रमिक अनुदान दिने ।

ख) कक्षा १ देखि ३ सम्म चलेका विद्यालयलाइ १ जना विद्यालय सहयोगीका लागि मासिक रु ४०००। का दरले १३ महिना बराबर पारिश्रमिक अनुदान दिने ।

ग) कक्षा १ देखि ५ सम्म चलेका विद्यालयलाइ १ जना विद्यालय सहयोगीका लागि मासिक रु ४५००। का दरले १३ महिना बराबर पारिश्रमिक अनुदान दिने ।

घ) कक्षा १ देखि ८ सम्म चलेका विद्यालयलाइ १ जना विद्यालय सहयोगीका लागि मासिक रु ७५००। का दरले १३ महिना बराबर पारिश्रमिक अनुदान दिने ।

### माध्यमिक विद्यालय तर्फ :

क) कक्षा १ देखि १० तथा १ देखि १२ सम्म चलेका माध्यमिक विद्यालयमा १ जना विद्यालय सहयोगिका लागि मासिक रु ७५००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान दिने ।

ख) कक्षा १ देखि १० तथा कक्षा १ देखि १२ सम्म संचालनमा रहेका माध्यमिक विद्यालयमा १ जना विद्यालय सहायकका लागि मासिक रु ११५००। का दरले १३ बराबर पारिश्रमिक अनुदान दिने ।

९.१.३ **बाल विकास केन्द्रका सहजकर्ता, विद्यालय सहयोगी एव विद्यालय कर्मचारीहरुलाइ प्रोत्साहन र पोशाक भत्ता अनुदानको व्यवस्था :** यशोधरा गाउँपालिकाले बाल विकास सहजकर्ता, विद्यालय सहयोगी एव विद्यालय कर्मचारीहरुलाइ मासिक रु १५००। का दरले १२ महिना बराबर प्रोत्साहन अनुदान दिने गर्छ भने विद्यालयका अन्य शिक्षकले पाए सरह रु १००००। पोशाक खर्च बर्षमा एक चोटी उपलब्ध गराउदै आएको छ ।

**९.२ प्रति विद्यार्थी लागत आधारमा शिक्षण सिकाइ सामग्री**

९.२.१ प्रति विद्यार्थी लागत आधारमा शिक्षण सिकाइ सामग्री : यस शिर्षकमा निम्नानुसारका उप क्रियाकलापहरुमा निकासा गरिएको छ ।

क) प्रारम्भिक बाल विकास/पूर्व प्राथमिक कक्षाका लागि अनुदान प्रति विद्यार्थी बार्षिक रु ५०० दिने ।

ख) सिकाइका लागि निरन्तर विद्यार्थी मूल्यांकन आवश्यक सामग्री सुधारात्मक शिक्षण अनुदान र कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेत व्यवस्थापनका लागि प्रति विद्यार्थी बार्षिक रु १०० का दरले दिने ।

ग) शिक्षण सिकाइ सामग्री तथा Book Corner व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा १ देखि ५ का विद्यार्थीका लागि प्रति विद्यार्थी बार्षिक रु १५०। का दरले अनुदान दिने ।

घ) शिक्षण सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ६ देखि ८ सम्मका विद्यार्थीका लागि प्रति विद्यार्थी रु २००। का दरले अनुदान दिने ।

ङ) शिक्षण सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९ र १० का विद्यार्थीका लागि प्रति विद्यार्थी रु २०० का दरले अनुदान दिने ।

च) शिक्षण सिकाइ सामग्री तथा (Lab assistant, equipments and material, OJT, operation cost) व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९ देखि १२ सम्मका विद्यार्थीका लागि प्रति विद्यार्थी बार्षिक रु १५ हजार का दरले उपलब्ध गराउने ।

छ) शिक्षण सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ११ र १२ का विद्यार्थीका लागि प्रति विद्यार्थी बार्षिक रु २५० का दरले अनुदान उपलब्ध गराउने ।

९.२.१.क) विद्यालय तथा बालविकास केन्द्रलाई तह अनुसार निर्धारण गरिएको प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको अंक बराबरको रकम विद्यालयलाइ एकमुष्ठ अनुदान ।EMIS मा विद्यालयले प्रविष्ट गरेको

तथ्यांकको विद्यार्थी संख्याको आधारमा निकासा गरिएको छ । उक्त रकम विद्यालयले वि.व्य.स. को निर्णय बमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री व्यवस्थापन, छन् । प्रारम्भिक बाल शिक्षाका लागि शैक्षिक सामग्री, बालमैत्री कक्षा व्यवस्थापन गर्नका लागि प्रति विद्यार्थी लागतका आधारमा प्रत्येक प्रारम्भिक बाल शिक्षा कक्षालाइ एकमुष्ठ प्राप्त अनुदान रकमबाट विद्यालय/बाल विकास केन्द्रले प्रारम्भिक बाल शिक्षाका लागि मात्र खर्च गर्ने गरी बाल शिक्षा सहजकर्ताको राय सुझाव लिई प्रारम्भिक बाल शिक्षाको राष्ट्रिय न्युनतम मापदण्डमा उल्लेखित भएका सिकाइ सामग्रीहरु जस्तैः ब्लक, पुतली, नरम खेलौना, रिंग, पजल, आदि गर्ने वा स्थानीय सामग्रीबाट निर्माण गर्न सकिने छ । यो अनुदान शैक्षिक तथ्यांक २०७६ भरेका प्रारम्भिक बाल कक्षाहरुलाई मात्र उपलब्ध गराइएको र बाल विकास केन्द्रले यस्ता सामग्री प्रत्येक वर्ष थप्दै जाने गर्नु पर्दछ ।

९.२.१.ख) निरन्तर विद्यार्थी मूल्यांकनका लागि प्रति विद्यार्थी लागत अनुदान :

कक्षा १ मा भर्ना भएका विद्यार्थी संख्यालाइ आधार मानी प्रति विद्यार्थी रु १०० का दरले विद्यालयलाइ रकम उपलब्ध गराइएको छ । विद्यालयले सो रकमबाट कक्षा १ मा भर्ना भएका प्रत्येक विद्यार्थीको प्रोटोफोलियो तयार गर्ने, कक्षा २ देखि ७ सम्मका अन्य विद्यार्थीको हकमा यस अघिदेखि नै प्रोटोफोलियो तयार गर्न रकम प्राप्त भइ सकेकोले तयार भएको प्रोटोफोलियोलाइ नै अध्यावधिक गरी निरन्तर उपयोग गर्ने, कक्षा १ देखि ७ का विद्यार्थीको व्यक्तिगत सिकाइ योजना निर्माण र कार्यान्वयन गर्ने । तोकिएका सिकाइ उपलब्धि र विद्यार्थीको व्यक्तिगत सिकाइ योजना अनुसार सिकाइ सुनिश्चिता गर्न सिकाइ लेखाजोखा र उपचारात्मक शिक्षण गर्ने । विद्यार्थीको फाइलमा आवश्यकता अनुसार विद्यार्थीको सिर्जनात्मक कार्य, परियोजना कार्य व्यवहार परिवर्तन कक्षा सहभागीता हाजिरी जस्ता विभिन्न अभिलेख समेत राखी तिनीहरुका आधारमा मुल्यांकन गर्ने परिपाटी बसाउनु पर्ने र उक्त फाइल माथिल्लो कक्षामा समेत उपयोग गर्ने । निरन्तर विद्यार्थी मुल्यांकन अभिलेख फारम पाठ्यक्रम विकास केन्द्रको वेवसाइटमा उपलब्ध छ ।

९.२.१.ग) शिक्षण सिकाइ सामग्री तथा Lab assistant, Equipments and Practical Material व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ :

प्राविधिक विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याब असिष्टेण्टको लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मकका सामग्रीहरु व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रु १५०००। का दरले हुन आउने रकम एकमुष्ट अनुदानको रुपमा विद्यालयलाइ अनुदान दिइएको छ ।

९.२.१.ग) १) विद्यालयले प्राथमिकताका आधारमा निम्नानुसार गर्ने :

क) प्राथमिक तह तृतीय श्रेणीका शिक्षक सरहको १ जना ल्याब असिष्टेण्टको लागि पारिश्रमिकको व्यवस्था गर्ने ।

ख) प्राविधिक धार अन्तरगत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यवहारिक अभ्यास गर्ने व्यवहारिक अभ्यास कार्यान्वयन निर्देशिका २०७३ प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा गरिएको दुबै ढाँचा अर्थात कक्षा १० पछि ३ महिना कक्षा ११ पछि ३ महिना कक्षा १२ पछि ६ महिनाको व्यवहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यवहारिक अभ्यास गर्ने । यसको व्यवस्थापन तपशिल अनुसार गर्ने ।

तपशिल :

१) विद्यार्थी निर्वाह खर्च : प्रति महिना १ हजारका दरले हुन आउने रकम विद्यार्थीलाइ विद्यालयले उपलब्ध गराउने ।

२) आन्तरिक अनुगमन सहजिकरण: सम्बन्धित विद्यालयका प्रशिक्षकहरुबाट गर्ने व्यवस्था मिलाउने । सहजिकरण बढीमा ३ महिना लागि १ पटक ६ महिनाका लागि ३ पटक गर्ने । अनुगमनमा खटिने प्रशिक्षकलाइ माध्यमिक शिक्षक तृतीय श्रेणीले पाउने नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउने ।

३) वाह्य अनुगमन मूल्यांकन: वाह्य अनुगमन गर्दा व्यवाहरिक अभ्यासका लागि निर्धारित ढाँचा अनुसार वर्षमा एक पटक गर्ने । यसका लागि अनुगमन मूल्यांकन निर्देशिकामा उल्लेख भएको आधार लिई जिल्ला भित्रैका रोष्टर प्रशिक्षकलाइ परीक्षा बोर्डले तोक्ने छ । जिल्ला भित्र प्रशिक्षक नपाएमा नजिकको जिल्लाबाट पठाइनेछ । अनुगमनमा खटिने प्रशिक्षकलाइ माध्यमिक शिक्षक तृतीय श्रेणीले पाउने नियमानुसारको दैनिक भ्रमण भत्ता विद्यालयले प्राप्त रकमबाट उपलब्ध गराउनु पर्नेछ ।

४) बचत रकमबाट ल्याबमा प्रयोग हुने दैनिक सामग्री एवम् शिक्षण सिकाइ सामग्री व्यवस्थापन गर्ने ।

९.२.१.घ) सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान :

९.२.१.घ) १: कक्षा १-१० का विद्यार्थीहरुका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान

क) विद्यालयले आवश्यक नयाँ पाठ्यपुस्तकको कक्षागत र विषयगत यकिन विवरण स्थानीय तहमा सयममा नै उपलब्ध गराउन पर्नेछ ।

ख) प्राप्त अनुदान रकमबाट शैक्षिक सत्रको शुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै पाठ्यपुस्तक उपलब्ध गराउने ।

ग) विद्यालयले विद्यार्थीहरुका लागि हरेक कक्षामा एच्छिक विषय समेत सेटमा नै नयाँ पाठ्यपुस्तक खरिद गरी वितरण गर्ने ।

९.२.१.घ) २: कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरुको लागि पुस्तकालयमा आधारित हुने गरी पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयलाइ अनुदान :

क) स्थानीय तहले सामुदायिक माध्यमिक विद्यालयमा कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीलाइ पुस्तकालयबाट नै पाठ्यपुस्तक लैजाने ल्याउने गरी व्यवस्थापन गर्न प्रति विद्यालय बार्षिक रु ५००००। का दरले विद्यालयलाय एकमुष्ट अनुदान उपलब्ध गराइएको छ ।

ख) विद्यालयले प्राप्त अनुदान रकमबाट पाठ्यपुस्तक खरिद गरी पुस्तकालयमा राखिने र कक्षा ११-१२ अध्ययनरत विद्यार्थीका लागि पुस्तकालय कार्डको व्यवस्था गरी विद्यालयहरुले पुस्तकालयबाट अवधि तोकेको पाठ्यपुस्तक लैजाने व्यवस्था मिलाउने र अनिवार्य रुपमा फिर्ता गर्ने व्यवस्था समेत मिलाउने ।

ग) यो रकमबाट पाठ्यपुस्तक तथा स्वीकृत पाठ्यक्रममा भएको वा पाठ्यक्रम विकास केन्द्रले सम्बन्धित कक्षाका लागि भनेर स्वीकृत गरी सार्वजनिक गरेको सन्दर्भ सूची भन्दा बाहिरका पुस्तक तथा पत्रपत्रिकाहरु खरिद गर्न पाइने छैन । विद्यालयले समयमा पाठ्यपुस्तक खरिद नगरेमा पुराना पाठ्यपुस्तक प्रयोग गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

९.२.१.ङ) सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैर आवासीय):

यस क्रियाकलापमा निम्नानुसारको उप-क्रियाकलापहरुको बजेट समावेश गरिएको छ । कार्यक्रमको लागि स्वीकृत बजेटको बाँडफाँड गरी विद्यालयहरुमा अनुदान उपलब्ध गराइएको छ ।

९.२.१.ङ) १: आवासीय छात्रवृत्ति

आवासमा वसी अध्ययन गर्ने विद्यार्थीहरुका लागि प्रति विद्यार्थी ४ हजार प्रति महिनाका दरले १० महिनाको रु ४००००। बराबरको रकम अनुदान स्वरुप उपलब्ध गराउने ।

९.२.१.ङ) २: गैर आवासीय छात्रवृत्ति :

IEMIS मा प्रविष्ट तथ्यांकलाइ सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्यांकसँग सत्यापन गरी सोको आधारमा विद्यालयहरुलाइ तपशिल अनुसार छात्रवृत्ति रकम अनुदान दिइएको छ ।

तपशिल :

क) छात्रा छात्रवृत्ति कक्षा १-८ (गैर आवासीय) प्रति विद्यार्थी बार्षिक ४००। का दरले ।

ख) दलित छात्रवृत्ति कक्षा १-८ (गैर आवासीय) प्रति विद्यार्थी बार्षिक ४००। का दरले

९.२.१.ङ) ३: अपांग छात्रवृत्ति कक्षा १-१२

क) आवासीय अपांग छात्रवृत्ति प्रति महिना प्रति विद्यार्थी रु ४०००। (१० महिनाको रु ४००००।)

ख) सहयोगी सहायता सेवा छात्रवृत्ति (गैर आवासीय)- घरबाट आउँदा जादा र विद्यालयमा रहँदा निरन्तर अरुको सहयोग र साधन आवश्यक पर्ने अपांग भएका विद्यार्थीका लागि प्रति महिना प्रति विद्यार्थी रु ५००। दरले (१० महिनाका रु ५०००।)

ग) यातायात सेवा छात्रवृत्ति घरबाट आउँदा जादा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपांगता भएका बालबालिकालाइ प्रति विद्यार्थी प्रति महिना ३००। का दरले (१० महिनाको रु ३०००।)

घ) शैक्षिक सामग्री छात्रवृत्ति घरबाट विद्यालय सम्म आउने जाने सक्ने अवस्थाको अपांगता भएको विद्यार्थीलाइ प्रति विद्यार्थी प्रति महिना रु १००। दरले (१० महिनाको रु १०००।)

९.२.१.च) विद्यालय संचालन तथा व्यवस्थापन अनुदान :

यस क्रियाकलापमा विद्यालय संचालनको अवस्था यकिन गरी तपशिलका कार्यक्रमका लागि स्वीकृत बजेटको बाँडफाँड गरी विद्यालयहरुमा अनुदान उपलब्ध गराइएको छ ।

| क स | कार्यक्रम | दर |
|---|---|---|
| १ | संचालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | प्रति विद्यालय बार्षिक रु १५ हजार |
| २ | संचालन तथा व्यवस्थापन कक्षा १-८ | प्रति विद्यालय बार्षिक रु २० हजार |
| ३ | संचालन तथा व्यवस्थापन कक्षा १-१० | प्रति विद्यालय बार्षिक रु २५ हजार |
| ४ | संचालन तथा व्यवस्थापन कक्षा १-१२ | प्रति विद्यालय बार्षिक रु ३० हजार |
| ५ | आधारभूत तह संचालित विद्यालयहरुलाइ विद्यालय सुधार योजना समुदाय तथा वि.व्य.स. हरुको क्षमता विकासका लागि अन्तरक्रिया अभिभावक शिक्षा संचालन अतिरिक्त क्रियाकलाप संचालन जस्ता बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ट अनुदान | प्रति विद्यालय बार्षिक रु १५ हजार |

| | | |
|---|---|---|
| ६ | आधारभूत तह संचालित विद्यालयहरुलाइ सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण विद्यार्थी रिपोर्ट कार्ड विद्यालय तथ्यांक व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय बार्षिक रु १० हजार |
| ७ | माध्यमिक तह संचालित विद्यालयहरुलाइ विद्यालय सुधार योजना समुदाय तथा वि व्य स हरुको क्षमता विकासका लागि अन्तरक्रिया अभिभावक शिक्षा संचालन अतिरिक्त क्रियाकलाप संचालन आदिका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय बार्षिक रु २० हजार |
| ८ | माध्यमिक विद्यालय तह संचालित विद्यालयहरुलाइ सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण विद्यार्थी रिपोर्ट कार्ड विद्यालय तथ्यांक व्यवस्थापन बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ठ अनुदान | प्रति विद्यालय बार्षिक रु १५ हजार |
| ९ | माध्यमिक विद्यालयमा इन्टरनेट जडान तथा संचालन खर्च | प्रति विद्यालय बार्षिक रु १२ हजार |
| १० | स्रोत कक्षा व्यवस्थापन अनुदान | प्रति कक्षा १ लाख ६० हजार |
| ११ | प्राविधिक विषय अध्यापन हुने विद्यालयलाइ ल्याब सामग्री सहयोग अनुदान | प्रति कक्षा २ लाख |

९.२.१.च) १: विद्यालय संचालन तथा व्यवस्थापन अनुदान :

यस उपक्रियाकलापको विनियोजित बजेटबाट विद्यालयका लागि आवश्यक मसलन्द, विद्यालय तहको Excel Based को Electronic Based IEMIS को तयार र प्रयोग सम्बन्धि सबै कार्यहरु गर्ने गराउने । विद्यालयमा पठाइने एकमुष्ठ संचालन मसलन्दबाट गरिने कार्यहरुको कार्य योजना विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ कार्यान्वयन र खर्च गर्ने व्यवस्था मिलाउने ।

९.२.१.च) २: आधारभूत तह तथा माध्यमिक तह विद्यालयहरुलाइ विद्यालय सुधार योजना समुदाय तथा विद्यालय व्यवस्थापन समितिहरुको क्षमता विकासका लागि अन्तर्किया अभिभावक शिक्षा संचालन अतिरिक्त क्रियाकलाप संचालन आदिका लागि एकमुष्ठ अनुदान: विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७४ बमोजिम विद्यालय सुधार योजना SIP निर्माण तथा अद्यावधिक गरेका विद्यालयहरुलाइ मात्र उपलब्ध गराउने । विद्यालयले यस क्रियकलाप अन्तरगत प्राप्त रकमबाट सरोकारवालाहरुको सहभागितामा विद्यालय सुधार योजनाका आधारमा तयार गरिएको बार्षिक कार्यान्वयन योजना अनुसारको प्रगति चौमासिक रुपमा

समिक्षा गर्ने । वि व्य स/शि अ स/अभिभावक/शिक्षक/विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्न क्षमता विकासका लागि क्रियाकलाप तथा विद्यार्थीहरुको प्रतिभा विकासका लागि अतिरिक्त क्रियाकलाप संचालन गर्ने ।

९.२.१.च) ३ : आधारभूत तह तथा माध्यमिक तह संचालित विद्यालयहरुलाइ सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्यांक व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप संचालनका लागि एकमुष्ठ अनुदान : सामाजिक परीक्षण निर्देशिका (पहिलो संशोधन २०७१ सहित) २०६५ अनुसार सामाजिक परीक्षण गर्ने तथा तोकिए बमोजिमको आ-आफ्नो विद्यालयको Excel Based को Electronic Based IEMIS तयार गरी विद्यार्थीको रिपोर्ट कार्ड र अन्य कार्यहरु गरी विद्यालयका मुख्य मुख्य सूचक सकिने हुनु पर्दछ । कुन सामग्री कुन कक्षामा कुन सिकाइ उपलब्धी हासिल गर्ने प्रयोग हुने हो सम्बन्धित विषय शिक्षकबाट प्रमाणित गराउनु पर्दछ ।

९.३ : प्रारम्भिक पढाइ सीप विकासका लागि न्युनतम प्याकेज कार्यन्वयन :

पढाइ सीप प्रर्वधन कार्यक्रम लागु भएका जिल्ला तथा स्थानीय तहले कक्षा १ देखि ३ सम्म संचालनमा रहेका विद्यालयहरुका संख्या यकिन गरि प्रति कक्षा ३ हजारका दरले जम्मा रु ९ हजार रकम उपलब्ध गराउने । उक्त रकमबाट विद्यालयले कक्षा कोठा पढाइ सीप प्रर्वधनका लागि न्युनतम प्याकेज अन्तरगतका क्रियाकलापहरु सुनिश्चित गर्न खर्च गर्ने । न्युनतम प्याकेज अन्तरगत कक्षागत रुपमा एक सेट सिकाइ सामग्री प्रति विद्यार्थी एक सेट अभ्यास पुस्तिका उपलब्ध गराउने । कार्यक्रम सम्बन्धमा अभिभावकहरुलाइ अभिमुखिकरण गर्ने र विद्यार्थीहरुको निरन्तर मूल्यांकन गर्ने । यी क्रियाकलापका लागि यस शीर्षकमा रकम नपुग भएको अवस्थामा प्रति विद्यार्थी लागतको आधारमा प्राप्त हुने बजेटबाट रकम उपलब्ध गराउनु पर्नेछ ।

९.४ गणित विज्ञान र अंग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री (Kits) अनुदान

विगतमा यस प्रकृतिको अनुदान नपाएका आधारभूत तह कक्षा ६ देखि ८ का लागि विद्यालयहरु यकिन गरी प्राप्त बजेटको परिधिभित्र रहि प्रति विद्यालय रु ५० हजारका दरले विद्यालयलाइ अनुदान उपलब्ध गराइने छ । विद्यालयले पाठ्यक्रम विकास केन्द्रबाट विकास एवम् स्वीकृत भएका गणित विज्ञान तथा अंग्रेजी विषयका सामग्रीहरु व्यवस्था गरी विद्यार्थीको शिक्षण सिकाइ क्रियाकलापमा सहजीकरण गर्ने व्यवस्था मिलाउने ।

१०. सामुदायिक विद्यालयका छात्राहरुलाइ सेनेटरी प्याडको व्यवस्था :

यशोधरा गाउँपालिका भित्र कक्षा ६ देखि माथि अध्यापन हुने सबै सामुदायिक विद्यालयमा सेनेटरी प्याडहरु पठाइएको छ ।

१०.१ सेनेटरी प्याडको व्यवस्थापन सदुपयोग र प्रयोग सम्बन्धमा विद्यालयको काम कर्तव्य र अधिकार :

सेनेटरी प्याडको व्यवस्थापन सदुपयोग र प्रयोगका सम्बन्धमा विद्यालयको काम कर्तव्य र अधिकार देहाय अनुसार हुने छ ।

क) विद्यालयलाइ गाउँपालिकाले उपलब्ध गराएको सेनेटरी प्याडको अभिलेख विद्यालयको जिन्सी खातामा राख्नु पर्ने ।

ख) सेनेटरी प्याडको प्रयोग गर्ने छात्राहरुको नाम नामेसी कक्षा सुलेको स्पष्ट विवरण सहितको अभिलेख राख्ने ।

ग) सेनेटरी प्याड वितरण गर्नका लागि विद्यालयमा कार्यरत महिला शिक्षक, महिला शिक्षक नभएमा बालविकास कक्षाको सहयोगी बालविकास कक्षाको सहयोगी पनि नभएमा स्वास्थ्य अध्यापन गर्ने शिक्षकलाइ तोक्ने ।

घ) सम्पर्क शिक्षकले एक जना छात्रालाइ एउटा मासिक चक्रका लागि बढीमा १६ वटा सम्म सेनेटरी प्याड उपलब्ध गराउनु पर्ने छ ।

ङ) सेनेटरी प्याडको अभिलेख तथा विद्यार्थीले बुझिलिएको भरपाइ राख्ने दायित्व सम्पर्क शिक्षकको हुनेछ

च) छात्राहरुलाइ वितरण गरिएको सेनेटरी प्याड दुरुपयोग हुन नदिने दायित्व प्रधानाध्यापकको हुनेछ ।

छ) सम्पर्क शिक्षकले छात्राहरुलाइ सेनेटरी प्याड उपलब्ध गराउनु अघि प्रयोग गर्ने तरिकाको सम्बन्धमा आधारभूत जानकारी गराउनु पर्ने छ ।

१०.२ विद्यालय स्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिको गठन तथा काम कर्तव्य र अधिकार :

सामुदायिक विद्यालयमा स्तरीय सेनेटरी प्याड प्राप्ती सुरक्षित भण्डारण वितरण सदुपयोग तथा किशोरी स्वास्थ्य र प्रजनन स्वास्थ्य सम्बन्धि सचेतनाका लागि देहाय बमोजिम एक विद्यालय स्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति रहने छ ।

| | |
|---|---|
| क) प्रधानाध्यापक | संयोजक |
| ख) स्वास्थ्य जनसंख्या तथा वातावरण वा सामाजिक शिक्षा विषयका शिक्षक | सदस्य |
| ग) महिला शिक्षक | सदस्य |
| घ) प्रधानाध्यापकले तोकेका किशोरी छात्रा प्रतिनिधि दुइ जना | सदस्य |
| ङ) विद्यालय रहेको क्षेत्रका स्वास्थ्य स्वयमसेविका | सदस्य |

च) विद्यालयका सम्पर्क शिक्षक सदस्य सचिव

१०.३ विद्यालय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार :

विद्यालय सेनेटरी प्याड तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) विद्यालयमा सेनेटरी प्याड आवश्यक पर्ने छात्रा संख्याको आधारमा आवश्यक पर्ने सेनेटरी प्याड गाउँपालकामा माग गर्ने ।

ख) विद्यालयमा प्राप्त सेनेटरी प्याडको अभिलेख राखी छात्राहरुलाइ आवश्यकता अनुसार वितरण गर्ने ।

ग) वातावरणको प्रतिकूल असर नपर्ने गरी सेनेटरी प्याड विसर्जनको व्यवस्था मिलाउने ।

घ) सेनेटरी प्याडको सदुपयोग विसर्जन र महिनावारी व्यवस्थापन सम्बन्धमा शिक्षक छात्रा तथा अन्य सरोकारवालालाइ सचेतना सम्बन्धि कार्यक्रम संचालन गर्ने गराउने ।

ङ) अन्य आवश्यक कार्य गर्ने ।

११। आ.व. ०७६।०७७ मा गरेका विद्यालय शिक्षा सम्बन्धि केही अभ्यासहरु :

११.१) विद्यालयमा शैक्षिक गुणस्तर सुद्दढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन :

विद्यालयको शैक्षिक गुणस्तर सुद्दढीकरण गरी गुणस्तरीय शिक्षा प्रवर्धन गर्नका लागि १ वटा शिक्षण सिकाइमा ICT को प्रयोग, एक वटा पुस्तकालय, एक वटा शैक्षिक गुणस्तर सुधारमा आधारित प्रोत्साहन अनुदान रकम उपलब्ध गराइएको थियो । यी शैक्षिक कार्यक्रमहरुले कक्षाकोठाको सिकाइ वातावरण तयार गर्नुका साथै शिक्षण सिकाइमा नवीनतम् प्रविधिको प्रयोगलाइ टेवा मिलेको छ ।

| क स | शैक्षिक कार्यक्रमको विवरण | शैक्षिक कार्यक्रम पाउने विद्यालयको नाम | बजेट |
|---|---|---|---|
| १ | शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग (कम्प्युटर, इन्टरनेट, कनेक्टिभिटि इक्यूपमेन्टस तथा सामग्री खरिदका लागि अनुदान) | श्री पशुपति शिक्षा मन्दिर आधारभूत विद्यालय, सुठौली | ६ लाख ५० हजार |
| २ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन (फिक्सिङ किताब खरिद तथा इ पुस्तकालय समेत) | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, तितिर्खी | ६ लाख ५० हजार |

| | | | |
|---|---|---|---|
| ३ | शिक्षण सिकाइमा आधारित प्रोत्साहन अनुदान | श्री अनिरुद्ध पब्लिक माध्यमिक विद्यालय, बैदौली | २ लाख |

११.२) शिक्षक दरवन्दी कम भएका वा नभएका विद्यालयहरुमा शिक्षक कोटा व्यवस्थापन :

विद्यालयमा विद्यार्थी शिक्षकको अनुपातको आधारमा शिक्षक व्यवस्थापन गर्नु सबै भन्दा चुनौती यस गाउँपालिकामा देखिएको छ । आधारभूत तह १-५ कक्षा संचालित ५ विद्यालयमा शुन्य दरवन्दी रहेको छ । आधारभूत तह कक्षा ६-८ संचालित ५ वटा र माध्यमिक तह ९-१० संचालित १ र माध्यमिक तह ११-१२ संचालित २ विद्यालयमा शुन्य दरवन्दी रहेको छ । यस अवस्थालाइ मध्यनजर गर्दै यशोधरा गाउँपालिकाले आ.ब २०७५।०७६ देखि नै माध्यमिक तहमा ३ जना, निम्न माध्यमिक तहमा ३ जना र प्राथमिक तहमा ४० जना गरी जम्मा ४६ जना शिक्षक कोटा विद्यालयहरुमा वितरण गरेको छ ।

११.३) **प्रधानाध्यापकहरुको बैठक :** सामुदायिक तथा धार्मिक विद्यालयका प्रधानाध्यापकहरुको बैठक प्रत्येक महिनाको ७ गते संचालन गर्दै गरिएको छ । बैठकले विद्यालयमा देखिएका समस्याहरु समाधान, कार्यक्रम कार्यान्वयनमा एकरुपता, समसामयिक विषयमा छलफल, सूचना तथा निर्देशनहरुको प्रवाह गर्दै शैक्षिक गुणस्तर कायम गर्नमा सहयोगी भएको छ ।

११.४) **एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीको अद्यावधिक :** विद्यालय स्तरमा रहेका शैक्षिक सूचनाहरुलाइ एकिकृत गरी व्यवस्थापन तथा योजना निर्माण गर्न शिक्षा तथा मानव स्रोत विकास केन्द्रले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) को विकास गरेको छ । विद्यालयमा दिइने अनुदान यही तथ्यांकको आधारमा प्रदान गरिने हुँदा यसको सुद्धता तथा अद्यावधिक महत्वपूर्ण हुन्छ । यशोधरा गाउँपालिका अन्तरगत संचालित सम्पूर्ण सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयहरुको तथ्यांक आ.ब ०७७।०७८ मा अद्यावधिक तथा सत्यापन गरिएको छ । यसले गर्दा गाउँपालिका स्तरमा निर्माण हुने योजना कार्यक्रम निर्माणमा सहयोग पुगेको छ ।

१२.५) **कक्षा ८ को परीक्षा संचालन तथा व्यवस्थापन :** कक्षा ८ को परीक्षा व्यवस्थापन तथा संचालन स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रहेको छ । यो परीक्षाको विश्वसनीयता बैधता र गोपनियता कायम गर्न स्थानीय सरकारलाइ चुनौती समेत थपिएको छ । साथै ग्रेडिंग प्रणालीबाट नतिजा तयार तथा प्रकाशन गर्न सोचे जस्तो सहज पनि छैन । यसको व्यवस्थापन तथा संचालन शिक्षा तथा मानव स्रोत विकास केन्द्रले निर्माण गरेको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मार्फत अनलाइन गरिएको हो ।

१३) **गाउँ शिक्षा समितिका पदाधिकारीहरुको विवरण :**

| क स | नाम थर | पद | कसरी | सम्पर्क नं |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | श्री गिरजेश कुमार पाण्डेय | अध्यक्ष | गाउँपालिका अध्यक्ष पदेन | ९८५७०५३६९९ |
| २ | श्री अब्दुल रसिद मुसलमान | सदस्य | कार्यपालिका सदस्य पदेन | ९८२६४७७४१५ |
| ३ | श्री तेज बहादुर सिंह | सदस्य | प्रमुख प्रशासकिय अधिकृत पदेन | ९८५७०५१८४३ |
| ४ | श्री श्याम नारायण उपाध्याय | सदस्य | कार्यपालिका सदस्य शिक्षा क्षेत्र हर्ने पदेन | ९८४७०६१८५२ |
| ५ | श्री विन्द्रावति यादव | सदस्य | अध्यक्षले मनोनित गरेको वडा महिला सदस्य | ९८१५४२७९४५ |
| ६ | श्री रमेश कुमार पाण्डेय | सदस्य | अध्यक्षले मनोनित गरेको उच्चतम विद्यालयको शिक्षक | ९८५७०५०५३० |
| ७ | श्री देवेन्द्रमणि त्रिपाठी | सदस्य | अध्यक्षले मनोनित गरेको संस्थागत विद्यालयका शिक्षक | ९८४७०४०१२७ |
| ८ | श्री भवनाथ पाण्डेय | सदस्य | शिक्षा समितिले मनोनित गरेको समुदायिक विद्यालय तर्फका वि व्य स अध्यक्ष | ९८१५४३८७६७ |
| ९ | श्री सुरेशानन्द मिश्र | सदस्य | शिक्षा समितिले मनोनित गरेको संस्थागत विद्यालय तर्फका वि व्य स अध्यक्ष | ९८०४४६३९५५ |
| १० | श्री मोइद खाँ | सदस्य | शिक्षा समितिले मनोनित गरेको अल्पसंख्यक मध्ये सामजसेवी | ९८१६४६९१६३ |
| ११ | श्री प्रमोद धोबी | सदस्य | शिक्षा समितिले मनोनित गरेको दलित मध्ये शिक्षा प्रेमी | ९८११४३२७३० |
| १२ | शिक्षक महासंघको प्रतिनिधि | सदस्य | शिक्षक महासंघले मनोनित गरि पठाएको गाउँपालिकका शिक्षक मध्ये एक जना | |
| १३ | अनिल कुमार ओझा | सदस्य सचिव | शिक्षा युवा तथा खेलकुद शाखा | ९८५७०५४८४३ |

१४) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको नाम र फोन नं विवरण :

| क स | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | प्र अ को नाम | सम्पर्क नं |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | श्री अनिरुद्ध पब्लिक माध्यमिक विद्यालय बैदौली | यशोधरा ५ | १२ | रमेश कुमार पाण्डेय | ९८५७०५०५३० |
| २ | श्री बासुदेव जनता माध्यमिक विद्यालय रंगपुर | यशोधरा ६ | १२ | बृहस्पति पाण्डेय | ९८४७०४०६३० |
| ३ | श्री कृष्णधार्मिक माध्यमिक विद्यालय बसन्तपुर | यशोधरा ३ | १० | त्रिपती कुर्मी | ९८०७४४०२८० |
| ४ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय तितिर्खा | यशोधरा १ | १० | रामकिशोर रविदास | ९८६९४०५३१५ |
| ५ | श्री राष्ट्रिय आधारभूत विद्यालय सिहोखोर | यशोधरा ८ | ८ | शिव प्रसाद कुर्मी | ९८०५४८९३१५ |
| ६ | श्री शान्ति आधारभूत विद्यालय परसोहिया | यशोधरा ४ | ७ | गुनजेश्वरी कुर्मी | ९८४८४८०६५८ |
| ७ | श्री जग्गननाथ आधारभूत विद्यालय कोपवा | यशोधरा ७ | ९ | तिलक राम लोहार | ९८०७४५८५३२ |
| ८ | श्री राघवेन्द्र आधारभूत विद्यालय भडेहर | यशोधरा २ | ८ | शितला मिश्र | ९८४७२८५७७६ |
| ९ | श्री राष्ट्रिय जनजागृति आधारभूत विद्यालय रमवापुर | यशोधरा ६ | ६ | रामऔतार यादव | ९८४७२०४२५२ |
| १० | श्री सिद्धार्थ आधारभूत विद्यालय इटवा | यशोधरा ७ | ५ | इन्द्रजित पाठक | ९८१४४२७८९६ |
| ११ | श्री प्राथमिक विद्यालय पुर्निहवा | यशोधरा ६ | ७ | रामनयन कोहर | ९८०७५७०५३७ |
| १२ | श्री सिताराम आधारभूत विद्यालय बुढापार | यशोधरा ५ | ५ | भगवती पासवान | ९८०७४३४५६३ |
| १३ | श्री रघुनाथ आधारभूत विद्यालय रजवापुर | यशोधरा १ | ३ | रामानन्द यादव | ९८४७५३६५४४ |
| १४ | श्री जनता आधारभूत विद्यालय मुडिला | यशोधरा ५ | ५ | फौजिया खातुन | ९८४७२७७१५९ |
| १५ | श्री किसान आधारभूत विद्यालय लोहरौली | यशोधरा ३ | ५ | राघवेन्द्र पाण्डेय | ९८४७०८३२२३ |
| १६ | श्री दारुल सिद्धिकिया आधारभूत विद्यालय मटेरिया | यशोधरा ८ | ५ | राममंगल पासी | ९८०७५४९९२५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | श्री जनसेवा आधारभूत विद्यालय अम्लोनहा | यशोधरा ४ | ६ | शेषराम यादव | ९८११४१६५३६ |
| १८ | श्री ज्योति आधारभूत विद्यालय बासखोर | यशोधरा ८ | ३ | बन्दना पाण्डेय | ९८४७०३००९८ |
| १९ | श्री लोकतान्त्रिक आधारभूत विद्यालय भडेहर | यशोधरा २ | ५ | भरत पाण्डेय | ९८४७०६२९९३ |
| २० | श्री सरस्वती आधारभूत विद्यालय खोरिया | यशोधरा ८ | ५ | रामबृक्ष यादव | ९८०७५१८९७६ |
| २१ | श्री बच्चालाल आधारभूत विद्यालय मर्यादपुर | यशोधरा ७ | ४ | राजेश श्रीवास्तव | ९८११४६४८२५ |
| २२ | श्री पशुपति शिक्षा मन्दिर आ वि सुठौली | यशोधरा ५ | ८ | तौलेश्वर यादव | ९८६७५२५१९७ |
| २३ | श्री गौतम बुद्ध आधारभूत विद्यालय सुल्तनवापुर | यशोधरा ७ | ३ | मोहन यादव | ९८२४४६७४६८ |
| २४ | श्री गौसिया मिस वाहूल ओलूम आ वि रंगपुर | यशोधरा ६ | ४ | रहिम मुसलमान | ९८१६४६९१६३ |
| २५ | श्री अरविया अहिले सुन्नत चित्सिया आ वि सुल्तवापुर | यशोधरा ७ | ३ | अब्दुल रहमान मुसलमान | ९८०६९१७५७४ |
| २६ | श्री हिरा पिंगल आधारभूत विद्यालय भावपुर | यशोधरा २ | ५ | सशिधर गोवश्वमी | ९८२१५९८३०६ |
| २७ | श्री जनप्रिय आधारभूत विद्यालय तितिर्खी | यशोधरा १ | ३ | शिवप्रसाद कुर्मी | ९८०७५५३२५२ |

१५) धार्मिक विद्यालयहरुको विवरण :

| क स | विद्यालयको नाम | ठेगाना | संचालित कक्षा | प्र अ को नाम | सम्पर्क नं |
|---|---|---|---|---|---|
| १ | मदरसा अबुवकर अल सिद्धिकी | यशोधरा १ | ४ | विन्देश्वरी अहिर | ९८१६४९६५२४ |
| २ | मदरसा दारुत्त तालिम | यशोधरा १ | ५ | हबिबुर रहमान | ९८१४४६८७५३ |
| ३ | मदरसा नुरुल इस्लाम | यशोधरा २ | ३ | रेनू गुप्ता | ९८१६४७०५४५ |
| ४ | मदरसा नुरुल उलूम अहिले सुन्नत | यशोधरा २ | ५ | जुबेर अहमद | ९८१४४४८९३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | दारुल उलूम अहले सुन्नत हेदायतुल इस्लाम | यशोधरा २ | ५ | जिबरिल खान | ९८१२४१०९२५ |
| ६ | मदरसा नुरुल तौहिद | यशोधरा ३ | ५ | | |
| ७ | मदरसा अनवारुल उलूम | यशोधरा ४ | ५ | | |
| ८ | मदरसा नुरुल उलूम | यशोधरा ४ | २ | सरिफुल हसन | ९८१६४०१३३४ |
| ९ | मदरसा फैजाने रजा गौसूल उलूम | यशोधरा ५ | ५ | | ९८०४४१०७७९ |
| १० | मदरसा रौजनूल अतफाल | यशोधरा ६ | ५ | | |
| ११ | मदरसा अहिले सुन्नत मजहरुल उलूम | यशोधरा ७ | ५ | | ९८ |

**१६। संस्थागत विद्यालयहरुको नाम र फोन नं. :**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ज्ञान ज्योति इंगलिंश बोर्डींग स्कुल | यशोधरा १ | ४ | कन्हया रविदास | ९८११५७२७६१ |
| २ | कपिलवस्तु इंगलिंश बोर्डींग स्कुल | यशोधरा ४ | ५ | शैलेन्द्र कुमार चाइ | ९८०५४१३२६१ |
| ३ | पिपुल केयर एकडमी स्कुल | यशोधरा ५ | १० | त्रिपुरारी मिश्र | ९८०४४६३९५५ |
| ४ | सिया एकेडमी स्कुल | यशोधरा ५ | २ | दुर्गेश कुमार मिश्र | ९८२१५५३२५७ |
| ५ | यशोधरा मोडेल एकेडमी स्कुल | यशोधरा ५ | २ | देवेन्द्रमणी त्रिपाठी | ९८४७०४०१२७ |
| ६ | बागेश्वरी इंगलिंश बोर्डिंग स्कुल | यशोधरा ५ | ४ | बैजनाथ चौधरी | ९८१५४८०८४६ |
| ७ | सनराइज इगंलिश बोर्डिंग स्कुल | यशोधरा ६ | ५ | कृष्ण सहानी | ९८०३६८९७८६ |
| ८ | ब्राइट हैबेन इगंलिश बोडिंग स्कुल | यशोधरा ७ | ५ | विजय कुमार पाठक | ९८०६९९७८२८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | सन इंगलिश बोर्डिंग स्कुल | यशोधरा ७ | ५ | भारत प्रसाद तिवारी | ९८०७५४७७६८ |
| १० | समयमाइ इंगलिंश बोर्डिंग स्कुल | यशोधरा ८ | २ | | |

१७. विद्यालयहरुलाइ निर्देशन :

यशोधरा गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुलाइ निम्न निर्देशनहरु कार्यान्वयन गर्न गराउन अनुरोध गरिएको छ :

१। कोभिड १९ को महामारीले विद्यालय क्षेत्र प्रभावित भएको सर्व विदितै छ । सहज रुपले विद्यालय संचालन गर्ने वातावरण तयार नहुँदा सम्म सबै शिक्षकहरु विद्यालयमा उपस्थित भइ शैक्षिक एवं प्रशासनिक कामहरु नियमित रुपमा गर्नु हुन र विद्यार्थी सिकाइ सहजीकरणका कार्यक्रमहरु संचालन गर्नु गराउनु हुन ।

२। प्रत्येक विद्यार्थीको संचित अभिलेख (पोर्टफोलियो) तयार गरी सिकाइ सहजीकरण गर्नु गराउनु हुन सिकाइ सहजीकरणका लागि नियमित कक्षा संचालन नहुँदा सम्म विद्यार्थी सिकाइ सहजीकरण र त्यसको प्रतिवेदन प्र अ ले शिक्षकबाट लिन र समष्टिगत प्रतिवेदन प्रत्येक महिना गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नु हुन ।

३। विद्यालयको आन्तरिक एवं वाह्य वातावरण निरन्तर सफा राख्नु हुन प्रत्येक कक्षा कोठामा डस्टविन शौचालय र पानीको धारा नजिक सावुन राख्नु हुन शौचालय तथा पानीको धारा स्वच्छ र सफा राख्नु हुन ।

४। विषयगत सिकाइ उपलब्धी दोहोरो अंकले वृद्धि गर्ने गरी विषयगत शिक्षकलाइ जिम्मेवार र उत्तरदायी बनाउनु हुन ।

५। सामजिक परीक्षण एवं आर्थिक लेखा परीक्षण तोकिएको समय भित्र सम्पन्न गरी सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नु हुन ।

६। विद्यालयमा भएकव निकासा जुन शिर्षकमा भएको छ सोही शिर्षकमा खर्च गर्नु हुन । खर्च भएको रकम विद्यालय व्यवस्थापन समितिको बैठकबाट अनुमोदन गराउनु हुन । विद्यालयमा कुन प्रयोजनका लागि कुन शिर्षकमा कति रकम कहाँबाट प्राप्त भएको छ । विद्यालय व्यवस्थापन समितिको बैठकमा जानकारी गराउनु हुन ।

७। विद्यालयलाइ सफा सुन्दर र हरित विद्यालयको रुपमा परिणत गर्न विद्यालय फुलवारी करेसावारी बनाउनु हुन र उक्त कार्य गर्दा विद्यार्थीका समुहको परिचालन गर्नु हुन उत्कृष्ट विद्यार्थीका समूहलाइ विद्यालय फुलवारी शिर्षकमा भएको निकासाको रकमबाट पुरस्कृत गर्नु हुन ।

८। विद्यालयले शैक्षिक क्यालेन्डर निर्माण गरी सोही अनुसारका शैक्षिक गतिविधिहरु संचालन गर्नु गराउनु हुन ।

९। आर्थिक अनुशासन तथा नियमितताका लागि प्रत्येक महिनाको शिक्षक स्टाफ बैठकमा आम्दानी तथा खर्चको हिसाब सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुन ।

१०। प्रधानाध्यापक विदामा बस्दा वा काजमा जाँदा अनिवार्यरुपमा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाइ जानकारी दिनु हुन र विद्यालयको लागि आवश्यक पर्ने नियमित कागजात सहित कानुनले तोकेको सहायक शिक्षकलाइ निमित्त प्रधानाध्यापक तोकि जिम्मेवारी दिनु हुन ।

११। शिक्षक स्टाफको मासिक बैठकमा विद्यालयका शैक्षिक गतिविधि विद्यार्थीका सिकाइ उपलब्धी विद्यालयका समस्याका उपाय लगायतका विषयमा अन्तरक्रिया एवं समिक्षा गर्ने र सोको अभिलेख राख्ने गर्नु गराउनु हुन ।

धन्यवाद